जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा

## मधेश,प्रदेश, नेपाल

बैठक संख्याः प्रथम बैठक,२०७९

कार्यपालिकाको बैठक बस्ने मितिः २०७९।०२।३१ गते मंगलबार ।

समय र स्थानः दिउसो २ बजे, नगरपालिकाको सभाहलमा ।

नगर प्रमुख श्री राजन पौडेलबाट नगर कार्यपालिकाको प्रथम बैठकमा प्रस्तुत गरिने प्रस्तावहरु, प्रस्ताव पेश गर्नुपर्नाको कारण र निर्णय हुनुपर्ने व्यहोराको कार्ययोजनाहरु नगर कार्यपालिकामा तपशिल बमोजिम पेश गर्ने निर्णय गरियो ।

तपशिलः

१. परिचय तथा धन्यवाद सम्बन्धमा ।

प्रस्ताव पेश गर्नुपर्नाको कारणः

कार्यपालिकाका सबै सदस्यहरु नवनिर्वाचित भएको कारण एक अर्कामा परिचय गर्न तथा निर्वाचनमा मतदानमा उपस्थित भई विजयी गराउँने सबै नगरवासिलाई धन्यवाद दिन आवश्यक भएकाले ।

निर्णय हुनुपर्ने व्यहोराः

नवनिर्वाचित कार्यपालिका सदस्यहरुबीच परिचय आदान प्रदान गर्ने तथा नगरवासी सबैलाई नगरपालिका एवं कार्यपालिका र जनप्रतिनिधिको तर्फबाट निर्वाचनमा मतदान गर्नु भएकोमा धन्यवाद दिने ।

२. विषयगत समिति गठन सम्बन्धमा ।

प्रस्ताव पेश गर्नुपर्नाको कारणः

नवनिर्वाचित जनप्रतिनिधिहरुको दोस्रो कार्यकाल प्रारम्भ भएको तथा आर्थिक वर्ष २०७९।०८० को लागि वर्षे अधिवेशनको रुपमा रहेको नगर सभाबाट कानुन तथा बजेट पारित हुनु पर्ने भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ तथा जीतपुरसिमरा उमनपाको कार्य विभाजन नियमावली,२०७८ को नियम ४ को उपनियम (६) को अनुसूचि ५ मा भएको व्यवस्था अनुसारको विषयगत समिति गठन गर्न आवश्यक भएकोले ।

CamScanner

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

**निर्णय हुनुपर्ने व्यहोरा:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ तथा जीतपुरसिमरा उमनपाको कार्य विभाजन नियमावली,२०७८ को नियम ४ को उपनियम (६) को अनुसूचि ५ मा भएको व्यवस्था अनुसारको विषयगत समिति तपशिल बमोजिम गठन गर्ने ।

**तपशिल:**

क) स्थानीय राजश्व परामर्श समिति:

- श्री भोला प्रसाद अधिकारी (उपप्रमुख) — संयोजक
- प्रमुख प्रशासकीय अधिकृत- सदस्य
- श्री बुद्ध कुमारी अधिकारी -कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्ये एक जना महिला- सदस्य
- श्री संजय पटेल - कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्ये एक जना - सदस्य
- नगर उद्योग बाणिज्य संघको अध्यक्ष वा नीजले तोकेको प्रतिनिधि- सदस्य
- राजश्व शाखा प्रमुख- सदस्य-सचिब

ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति:

- श्री राजन पौडेल (प्रमुख)- संयोजक
- श्री भोला प्रसाद अधिकारी (उपप्रमुख) - सदस्य
- कार्यपालिका सदस्यहरुमध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरि चार जना-सदस्य:

  १. श्री अर्जुन वि.क. - कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य एक जना - सदस्य

  २. श्री चयन गुरुङ मगर - कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य एक जना - सदस्य

  ३. श्री दिपेन्द्र चौधरी - कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य एक जना - सदस्य

  ४. श्री मोतिलाल यादव - कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य एक जना - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य-सचिव

CamScanner

ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति:

- श्री भोला प्रसाद अधिकारी (उपप्रमुख)- संयोजक
- वियययगत क्षेत्र हेर्ने नगर कार्यपालिकाका सदस्यहरु — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- योजना शाखा प्रमुख — सदस्य-सचिव

घ) अनुगमन तथा मुल्याङ्कन समिति:

- श्री भोला प्रसाद अधिकारी ( उपप्रमुख) — संयोजक
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- नगर प्रमुखले तोकेको एक जना महिला सहित कार्यपालिका सदस्यहरु मध्येबाट चार जना-सदस्यः

  १. श्री सुल्तान अंसारी

  २. श्री सुवास श्रेष्ठ

  ३. श्री दिपेन्द्र कुमार क्षेत्री

  ४. श्री माया देवी चौधरी
- सम्बन्धित वडाको ईञ्जिनियर — सदस्य
- आर्थिक प्रशासन महाशाखा/शाखा प्रमुख — सदस्य
- योजना तथा बजेट महाशाखा/शाखा प्रमुख — सदस्य-सचिव

ङ) विधायन समिति:

- श्री भोला प्रसाद अधिकारी (उपप्रमुख) — संयोजक
- नगर प्रमुखले तोकेको कार्यपालिकाको सदस्यहरु मध्ये एक जना महिला सहित दुई जना-सदस्य

  १. श्री राम प्रसाद लामिछाने

  २. श्री सुकुमाया कुमारी
- न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन शाखा प्रमुख- सदस्य-सचिव

३. कर्मचारीहरुको आन्तरिक सरुवा तथा जिम्मेवारी बाँडफाँड सम्बन्धमा ।

<u>प्रस्ताव पेश गर्नुपर्नाको कारण:</u>

वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकांश कर्मचारीहरुले सरुवाको लागि निवेदन दर्ता गराएको र लामो समय देखि एउटै शाखा र एउटै कार्यालयमा कार्यरत भएको हुँदा फरक अनुभव हासिल गराई सेवा प्रवाहलाई प्रभावकारी बनाउँन आन्तरिक सरुवा तथा जिम्मेवारी बाँडफाँड गर्न आवश्यक भएकाले ।

<u>निर्णय हुनुपर्ने व्यहोरा:</u>

आन्तरिक सरुवा तथा जिम्मेवारी बाँडफाँडसगँ सम्बन्धित कार्यविधि/मापदण्ड / कानुन बनेमा सो कानुन बमोजिम हुने उक्त कानुनी व्यवस्था नभएसम्मको लागि आन्तरिक सरुवा तथा जिम्मेवारी बाँडफाँडको सम्पूर्ण अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई दिने ।

४. ठेक्का सम्बन्धमा ।

<u>प्रस्ताव पेश गर्नुपर्नाको कारण:</u>

आर्थिक वर्ष २०७८।०७९ मा विनियोजन भएका योजनाहरुको ठेक्कापट्टाको प्रक्रिया स्थानीय तह सदस्य निर्वाचन, २०७९ भन्दा अघि भैसकेको र सम्झौता तथा कार्यान्वयन हुन निर्वाचनको कारण ढिला भएकाले उक्त कार्य अगाडी बढाउँन नवनिर्वाचित जनप्रतिनिधिहरु सार्वभौम कार्यपालिकाबाट निर्णय गराउँन उपयुक्त भएकाले ।

<u>निर्णय हुनुपर्ने व्यहोरा:</u>

आ.व. २०७८।०७९ मा प्रक्रियगत रुपमा लागेका ठेक्कापट्टाहरुको कार्यान्वयन गर्ने ।

५. विविध सम्बन्धमा ।

<u>प्रस्ताव पेश गर्नुपर्नाको कारण:</u>

बैठकको क्रममा उठेका अति आवश्यकीय विषयहरुलाई समावेश गर्न आवश्यक हुन सक्ने भएकाले ।

CS CamScanner